नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय
बाख्रा आनुवंशिक श्रोत केन्द्र
बुढीतोला,कैलाली

☎ ९८५८४२५३४२
ईमेल gdfbuditola@gmail.com

पं.सं.: २०८३/०८४
च.नं.:

मितिः २०८३।०४।१४

विषय : स्पष्ट पारिएको वारे ।

यस बाख्रा आनुवंशिक श्रोत केन्द्र बुढीतोला कैलालीको चालु आर्थिक वर्ष २०८३/०८४ को स्विकृत वार्षिक कार्यक्रम अनुसार गत आर्थिक वर्षको तुलनामा बाख्रा न्यूक्लियस हर्डमा रहने पशुहरुको संख्या घट्न गै सोही अनुसार गोठालो सेवा करार र उत्पादन सामग्री/ सेवा खर्च शिर्षकमा विनियोजित बजेट सिमा अनुसार मिति २०८३।०४।०१ गतेबाट बाख्रा न्यूक्लियस हर्ड व्यवस्थापनको लागि दैनिक ज्यालादारीमा कामगर्ने अतिरिक्त कामदार ३ जना र सेवा करार गोठालो १ जनालाई काममा निरन्तरता नदिएको/हटाईएको विषयलाई लियर केहि सामाजिक सन्जाल र अनलाईन मिडियाले प्रसारण गरेको खबर प्रति यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

तत् सम्बन्धमा यस केन्द्रको मुख्य उद्देश्य बाख्राको स्थानीय तथा उन्नत जातको आनुवंशिक विविधताको संरक्षण र उपयोग गर्नु रहेको छ । त्यसको लागि हाल स्थानीय खरि र उन्नत बोयर जातको बाख्राको माउ, बोका र पाठापाठी गरी ४०० को संख्यामा बाख्राहरु रहेका छन् ।बाख्राको दैनिक व्यवस्थापन (पशुको आवश्यकता अनुसारको दाना पानी खुवाउने, मौषम अनुसार घाँस तथा डालेघाँस संकलन, घाँसपात टुक्र्याउने, मिसाउने र आवश्यकता अनुसार खुवाउने, बाख्रामा प्रजनन गराउने, ब्याउने तथा व्याएको माउ र पाठापाठीको विशेष हेरचाह गर्ने, बिरामी बाख्राको हेरचाह गर्ने, ब्याडे बोकाको हेरचाह गर्ने, गोठ/खोरको दैनिक सरसफाई र निशंक्रमण गर्ने, पाठापाठी चराउने, खोरभित्र र खोर बाहिर रहेको अवस्थामा २४ शै घण्टा बथानको निगरानी गर्ने जस्ता विशिष्ट कार्यहरु) को लागि ४० देखि ५० वटा पशु बराबर १ जना अनुभवि दक्ष गोठालो रहने गरी गत विगत वर्षदेखि कामकाज गर्दै आएका अनुभवी र तोकिएको कामप्रति उत्कृष्ट लगाव भएका तपशिलका ९ जना गोठालोहरु र १ जना ट्याक्टर चालक परिचालन गरिएको छ ।

सि. नं.	कामदारको नाम		सेवाको किसिम	कार्य अनुभव वर्ष
१	चक्र बहादुर खनाल	गोदावरी न. पा. ४, बुढीतोला कैलाली	सेवा करार	३८
२	होम बहादुर मगर	,, ,, ,,	सेवा करार	१९
३	कल्पना खनाल	,, ,, ,,	अतिरिक्त कामदार/दैनिक ज्यालादारी	३
४	खगिसरा खनाल	,, ,, ,,	अतिरिक्त कामदार/दैनिक ज्यालादारी	१५
५	नन्दिता मगर	,, ,, ,,	अतिरिक्त कामदार/दैनिक ज्यालादारी	१५
६	इन्दिरा वली	,, ,, ,,	अतिरिक्त कामदार/दैनिक ज्यालादारी	१३
७	चोक बहादुर खत्री	,, ,, ,,	अतिरिक्त कामदार/दैनिक ज्यालादारी	१५

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय
बाखा आनुवंशिक श्रोत केन्द्र
बुढीतोला,कैलाली
☎ ९८५८४२५३४२
ईमेल gdfbuditola@gmail.com

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय
बाखा आनुवंशिक श्रोत केन्द्र
बुढीतोला, कैलाली

पं.सं.: २०८३/०८४
च.नं.:

८	लक्ष्मी देबी खनाल	,, ,, ,,	अतिरिक्त कामदार/दैनिक ज्यालादारी	१६
९	दान बहादुर थापा	,, ,, ,,	अतिरिक्त कामदार/दैनिक ज्यालादारी	११
१०	शेर बहादुर खनाल	,, ,, ,,	सेवा करार /ट्याक्टर चालक	३८

यसरी कार्यालयको उद्देश्य अनुसार स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न कामदार व्यवस्थापन गर्दा चालु आर्थिक वर्षमा कुनै नयाँ भर्ना नगरिएको र वर्षौदेखि कामकाज गर्दे आईरहेका अनुभवी, कामप्रति उच्च लगाव भएका र दक्ष कामदार मध्येबाट उनीहरुको कार्यक्षमता मूल्याङ्कनको आधारमा निरन्तरता दिइएको व्यहोरा स्पष्ट गरिन्छ । कसैले गलत मनसायले व्यक्तिगत लान्छना लगाउने र आफ्नो दोष/कमजोरी लुकाउने मनसायले गरेको गुनासोको आधारमा भएको समाचार/प्रचार प्रति भ्रममा नपर्न कार्यालय सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गर्दछु ।

पशुपति नाथ
वरिष्ठ पशु विकास अधिकृत
कार्यलय प्रमुख